# नबिल बैंक लिमिटेडको
# २३ औं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

१. **वैधानिक सभा**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको २३ औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सत्येन्द्र प्यारा श्रेष्ठज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरू उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो :

२. **सभाको मिति, स्थान र समय**

मिति : २०६४ आश्विन २१ गते, सोमबार (८ अक्टोबर २००७)
स्थान : श्री अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (ल्होत्से सभाकक्ष), नयां बानेश्वर, काठमाडौं
समय : दिउंसो २:०० बजे प्रारम्भ भई सांझ ५:०० बजे सम्पन्न भएको

३. **सभाको सूचना**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बैंकको २३औं वार्षिक साधारण सभाको सूचना तथा आर्थिक वर्ष २०६३।६४ को संक्षिप्त वित्तीय विवरण सबै शेयरधनीहरूको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०६४।५।३० र २०६४।६।२ को क्रमश: "नेपाल समाचारपत्र" र "अन्नपूर्ण पोष्ट" दैनिकमा सभा हुने स्थान, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरूमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. **छलफलको विषय**

(क) <u>सामान्य प्रस्ताव</u>

१. सञ्चालक समितिको प्रतिवेदन २०६३।६४ पारित गर्ने,

२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०६४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६३।६४ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्विकृत गर्ने,

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम नगद लाभांश स्वीकृत गर्ने,

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०६४।६५ (२००७।०८) को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६०(२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार वर्तमान लेखा परीक्षक श्री टि.आर. उपाध्याय पुन: नियुक्त हुन सक्नु हुनेछ)

(ख) <u>विशेष प्रस्ताव</u>

१. बैंकको वर्तमान अधिकृत पूंजी रू. ५० करोडबाट वृद्धि गरी रू. १,६०,००,००,०००।- (रू. १ अर्ब ६० करोड) पु-याउन स्वीकृति प्रदान गर्ने,

२. २०६४ आषाढ मसान्तमा समाप्त वर्षको मुनाफा तथा पूंजी समायोजन कोषको आंशिक रकम समेत पूंजीकृत गरी बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि गरी रू. ६८,८३,१६,१६०।- पु-याउन ५:२ (अर्थात् प्रत्येक ५ शेयर बराबर २ शेयर वा प्रत्येक शेयरको ४०%) को अनुपातमा बोनश शेयर जारी गर्न तथा उक्त अनुपातमा बोनश शेयर जारी गर्दा कुनै भिन्न अंक (fraction) आएमा शेयरधनी समूहको वर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न (fraction) अंकको बोनश शेयरलाई पूर्ण (whole) अंकमा परिणत गरी तदनुकुल जारी तथा चुक्ता पूंजीमा समायोजन गर्न स्वीकृत गर्ने,

३. बैंकको प्रबन्धपत्र तथा नियमावलीका केही दफा तथा नियमहरूको संशोधन स्वीकृत गर्ने ।

५. उपस्थिति

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरूप उपस्थित सञ्चालकहरू

| | | |
|---|---|---|
| १. | श्री सत्येन्द्र प्यारा श्रेष्ठ | अध्यक्ष |
| २. | श्री सुप्रिय गुप्ता | सञ्चालक |
| ३. | श्री शम्भु प्रसाद पौड्याल | सञ्चालक |
| ४. | श्री दयाराम गोपाल अग्रवाल | सञ्चालक |
| ५. | श्री मिलन विक्रम शाह | सञ्चालक |
| ६. | श्री अच्यूत प्रसाद बजगाइं | व्यावसायिक/स्वतन्त्र सञ्चालक |
| ७. | श्री मोईयुद्दिन अहमद | सञ्चालक |

५.२ अन्य पदाधिकारीको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री अनिल शाह | प्रमुख कार्यकारी अधिकृत |

५.३ शेयरधनीहरूको उपस्थिति

जम्मा उपस्थित संख्या ३१९

६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरूप)

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या ("क" "ख" "ग" समूह) | ५,९८१ | ३१९ | |
| शेयरधनीहरूले ग्रहण गरेको शेयर कित्ता | ४९,१६,५४४ | ३०,४७,९७१ | ६१.९९% |

## ७. सभाको वैधानिकता र सभाको सभापतित्व

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बांडफांड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको २३ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ३१९ भएको र कुल शेयरको ६१.९९% प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउदै दिउंसो २:०० बजे अध्यक्ष श्री सत्येन्द्र प्यारा श्रेष्ठज्यूको सभापतित्वमा बैंकको २३औं वार्षिक साधारण सभा शुरू गर्न सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

७.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरूलाई स्वागत एवं अभिवादन गर्नुभयो र उपस्थित सञ्चालकहरूको परिचय दिनु भई सभाको कार्य अगाडि बढाउनु भयो ।

## ८. बाईसौं वार्षिक प्रतिवेदनको प्रस्तुति

८.१ सभाको प्रारम्भको क्रममा पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व. २०६३।६४ को सञ्चालक समितिको प्रतिवेदन तथा चालु आ.व. २०६४।६५ को प्रथम एक महिना (श्रावण मसान्त २०६४) को संक्षिप्त प्रगति विवरण अध्यक्षज्यूले सभामा पढेर सुनाउनु भयो ।

८.२ तत्पश्चात् सभापतिज्यूले सभा समक्ष लेखा परीक्षकको प्रतिवेदन सहितको २०६४ आषाढ मसान्तको रू. २७,२५,३३,९३,००८।- को दायित्व तथा जायजेथा भएको वासलात र रू. १,५३,७१,०१,५२७- आम्दानी, रू. ८६,३१,४१,८२९।- (आयकर तथा कर्मचारी बोनस समेत) खर्च भएको आ.व. २०६३।६४ को नाफा नोक्सान हिसाब तथा साधारण जगेडा कोष वापत रू. ८५,००,०००।-, भैपरी आउने जगेडा कोष वापत रू. १०,००,०००।-, लाभांश समीकरण कोष वापत रू. ८,००,००,०००।-, प्रस्तावित लाभांश वापत रू. ४९,१६,५४,४००।-, प्रस्तावित बोनश शेयर वापत रू. १९,६६,६१,७६०।- र सटही घटबढ कोष वापत रू. १,१५,००,०००।- छुट्याई बांकी रहेको संचित मुनाफा रू. ११,३३,८१,५५५।- (गत वर्षको संचित मुनाफा रू. ३,३४,३८,०१७।-, पूंजी समायोजन कोषबाट रकमान्तर गरेको रू. १९,५३,००,०००।- समेत) वासलातमा सारिएको तथा अन्तिम नगद मौज्दात रू. १,३९,९८,२५,८५१।- भएको नगद प्रवाह विवरण सहितको वासलात, नाफा नोक्सान हिसाब समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## ९. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरू

९.१ बैंकको आ.व. २०६३।६४ को प्रतिवेदन, २०६४ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०६३।६४ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह

विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनीहरू समक्ष अनुरोध गर्नुभए पश्चात् देहायका शेयरधनीहरूले छलफलको क्रममा प्रत्यक्ष रूपले सहभागी हुँदै देहाय अनुसार प्रश्न तथा सुझावहरू व्यक्त गर्नु भएको थियो :

९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरूको नाम

१. डा. श्री माधव कुमार श्रेष्ठ
२. श्री श्यामकृष्ण मानन्धर
३. श्री विजय राम माथेमा
४. मेजर श्री कुबेर श्रेष्ठ
५. श्री पशुपति मिश्र
६. श्री डमरू बल्लभ घिमिरे
७. श्री ईश्वर दाश कर्माचार्य
८. श्री रोज कुमार श्रेष्ठ
९. श्री रामलाल श्रेष्ठ
१०. श्री नवराज देवकोटा
११. श्री बिमल कुमार जोशी
१२. श्री लवराज जोशी

९.३ लिखित मन्तव्य पेश गर्नु हुने शेयरधनी महानुभावहरूको नाम

१३. श्री गजेन्द्र लाल प्रधान, र
१४. श्री राजेश शाक्य

**१०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरूले सामूहिक रूपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्य**

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा अधिकांश शेयरधनीहरूले :

(क) आर्थिक वर्ष २०६३।६४ समाप्त भएको २ महिना २१ दिनको छोटो अवधि भित्रमा नै साधारण सभा बोलाएकोमा सञ्चालक समिति तथा व्यवस्थापनको सराहना गर्नुभयो ।
(ख) गत साधारण सभामा प्रति शेयर रू. ८५।- लाभांश वितरण गरेकोमा शेयरधनीहरूले अपेक्षा गरे अनुसार यस सभामा प्रति शेयर रू. १००।- नगद लाभांश तथा ४०% बोनश शेयर समेत गरी जम्मा १४०% को प्रतिफल प्रस्ताव गरेकोमा पनि धन्यवाद ज्ञापन गर्नुभयो ।
(ग) प्रस्तावित लाभांश दशैं बिदा शुरू हुनु अगावै वितरण गर्न सुझाव गर्नुभयो ।
(घ) सञ्चालक तथा कर्मचारीहरूलाई पनि उचित रूपमा पुरस्कृत गर्न सुझाव व्यक्त गर्नुभयो ।
(ङ) संघारमा आईपुगेको महान चाड बडादशैं, २०६४ तथा दिपावलीको उपलक्ष्यमा सबैप्रति शुभकामना व्यक्त गर्नुभयो ।

**११. छलफलमा सहभागी हुनेहरूको आ-आफ्नो विचार प्रस्तुतीकरण**

छलफलको क्रममा शेयरधनीहरूले बूंदागत रूपमा देहाय बमोजिमको धन्यवाद तथा सराहना, सुझाव, प्रश्न एवं मन्तव्य व्यक्त गर्नुभएको थियो :

## ११.१ डा. श्री माधव कुमार श्रेष्ठ

- प्रतिवेदन कम्पनी ऐन अनुकुल भएन ।
- चालु आ.व. मा नाफा लक्ष्य कति निर्धारण भएको छ र लक्ष्य प्राप्त गर्न कस्तो कार्य योजना अवलम्बन गरिएको छ ?
- बैंकिंग जालसाजी (fraud) प्रति समिति एवं उच्च व्यवस्थापन कति सजग छ ?
- लेखा समिति कति प्रभावकारी छ ?
- पुरस्कार खर्च भनी देखाईएको रकम के कस्तो हो, स्पष्ट पारियोस् ।
- व्यावसायिक/स्वतन्त्र सञ्चालकको जिम्मेवारी के हो ?
- संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गर्दा भएको खर्चको Performance Audit गर्ने गरिएको छ कि छैन र खर्च गर्दा पारदर्शिता अपनाईएको छ, छैन ?
- बैंकको शेयर बजार मूल्य -हासोन्मुख हुन नदिन के कस्तो उपाय अपनाईएको छ ?
- Corporate Leadership Prescription By Ten Letter Word "LEADERSHIP" को Sixth Letter "R" को सम्बन्धमा दिईएको लिखित विश्लेषण अध्ययनको निमित्त बैंकमा सुरक्षित राखिएको छ ।

## ११.२ श्री श्यामकृष्ण मानन्धर

- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खेलकुद क्लबलाई प्रदान गरेको रकम के कसरी खर्च हुने गर्छ, बैंकले निरीक्षण गर्नु पर्दछ ।
- किताबी अपलेखन भएको रकम मध्ये कुन कुन आर्थिक वर्षको के कति रकम असुल भयो र के कति बांकी छ, सम्बन्धित ऋणीको नाम सहित उल्लेख गरियोस् ।

## ११.३ श्री विजय राम माथेमा

- विषम परिस्थिति हुंदाहुंदै पनि बैंकको कारोवार वृद्धि गरी अपेक्षाकृत नगद लाभांश तथा बोनश शेयर प्रस्ताव गरेकोमा बैंक परिवार धन्यवादका पात्र छन् ।
- निष्क्रिय कर्जा घट्नु स्वागतयोग्य छ र यसले भविष्यमा पनि निरन्तरता पाउनेछ भन्ने आशा गर्दछु ।
- कर्मचारी भनेको बैंकको प्रमुख पूंजी भएकोले कर्मचारीहरूलाई पनि बैंकको हिस्सेदार बनाउने तर्फ पहल हुन आवश्यक देखिन्छ ।
- शाखा विस्तारको कार्य सराहनीय छ ।
- ग्रामीण भेगमा खुलेका वा खुल्ने शाखाहरू मार्फत लघु वित्त कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ ।
- आ.व. २०६१।६२ सम्मको आयकर फर्छ्यौटको कार्य पनि स्वागतयोग्य छ ।
- भुक्तानी गर्न बांकी लाभांश तदारूकताका साथ भुक्तानी गर्न पहल गरियोस् ।

## ११.४ मेजर श्री कुबेर श्रेष्ठ

- प्रस्तावित लाभांश दशैं बिदा अगाडी नै वितरण गर्ने व्यवस्था होस् ।
- बैंकले गरेको प्रगति सराहनीय छ र निकट भविष्यमा "१ नम्बरको बैंक" बन्ने आशा गर्न सकिन्छ ।
- साधारण सभामा भाग लिन आउने शेयरधनीलाई राम्रो खाजाको बन्दोबस्त होस् ।

- राम्रो काम गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्ने व्यवस्था गरियोस् ।
- आगामी वर्ष १००% बोनश शेयर तथा ४०% नगद लाभांश प्रस्ताव गरियोस् ।
- बण्ड लगानीमा नोक्सानी देखाईएको रकम के कसरी नोक्सानी भएको हो, स्पष्ट हुनु प-यो ।
- विकट क्षेत्रका जेहेन्दार छात्रछात्राको लागि पनि छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरियोस् ।
- सवारी साधन खर्च के कुन प्रकारको साधनमा खर्च भयो, स्पष्ट हुनुप-यो ।
- शेयरधनीले बैंकमा जम्मा गर्ने निक्षेप र बैंकबाट प्राप्त गर्ने ऋणमा विशेष सहुलियत दरको ब्याज लिनेदिने व्यवस्था होस् ।

११.५ श्री पशुपति मिश्र

- सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने सञ्चालकहरूको भूमिका सशक्त हुनु प-यो ।
- केही खर्चहरू अझै नियन्त्रण गर्न सकिने देखिएकोले त्यस तर्फ ध्यान आकृष्ट गर्न चाहन्छु ।
- देशको परिस्थिति अनुकुल नहुंदा बैंक व्यवस्थापन चुस्त राख्न जनशक्ति र प्रविधि दुवैको विकासमा ध्यान दिनु नितान्त आवश्यक देखिन्छ ।

११.६ श्री डमरू बल्लभ घिमिरे

- सभामा उपस्थित हुने शेयरधनीहरूलाई उचित खाजाको व्यवस्था हुनुप-यो ।
- वार्षिक प्रतिवेदनमा सञ्चालकहरूको परिचय उचित रूपमा संप्रेषण भएन, यस तर्फ ध्यान दिईयोस् ।
- निम्नस्तरका कर्मचारी शोषित छन् भन्ने गुनासो छ, के हो स्पष्ट पारियोस् ।

११.७ श्री ईश्वर दास कर्माचार्य

- यो सभाले बैंकको सञ्चालक समिति तथा व्यवस्थापन क्रियाशील रहेको देखाएको छ ।
- गत वर्षको दांजोमा समीक्षा वर्षमा अपलेखन भएका खाताबाट कम रकम असुली भएको देखिंदा खराब कर्जा असुली तर्फ व्यवस्थापन सशक्त देखिएन ।
- शंकास्पद कर्जाको निमित्त समीक्षा वर्षमा भएको व्यवस्था ज्यादै सकारात्मक देखिन्छ ।
- पर्याप्त साधन हुंदाहुंदै पनि ४०% मात्र बोनश शेयर प्रस्ताव गर्नुको औचित्यता देखिएन र यसले गर्दा धितोपत्र बजारमा चलखेल गर्न अवसर प्रदान गरेको छ ।
- लेखा परीक्षण समितिमा सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने सञ्चालकलाई किन समावेश नगरिएको हो, स्पष्ट पारियोस् ।

११.८ श्री रोज कुमार श्रेष्ठ

- निष्क्रिय कर्जाको स्थिति न्यून देखिएतापनि समग्र परिस्थितिलाई विचार गरी यस तर्फ केन्द्रित हुनुपर्ने देखिन्छ ।
- वार्षिक प्रतिवेदनमा बैंकले निक्षेपमा दिने तथा कर्जामा लिने ब्याजदर पनि समावेश गरियोस् ।
- वार्षिक प्रतिवेदनमा सञ्चालकहरूको प्रस्तुतीकरण भ्रमपूर्ण भएकोले आगामी दिनमा सच्याईयोस् ।

### ११.९ श्री रामलाल श्रेष्ठ

- समीक्षा अवधिमा लेखा समितिको बैठक मात्र १७ पटक बसेको देखिन्छ भने प्रत्येक सञ्चालकलाई दुई दुईवटा अन्य उपसमितिमा पनि मनोनयन गरेको देखिन्छ । यसबाट अनावश्यक रूपमा बैंकमाथि व्ययभार परेको देखिन्छ, स्पष्ट पारियोस् ।
- समान स्तरका अन्य केही संस्थाको दांजोमा यस बैंकको केही खर्चहरू बढी देखिन्छन् ।
- एउटै लेखा परीक्षकले दुईवटा बैंकमा दुई किसिमको लेखा परीक्षण प्रतिवेदन दिएको देखिंदा लेखा परीक्षण कार्य औपचारिकतामा सिमित भएको हो कि ?
- महालक्ष्मी सुगर मील्समा प्रवाह गरेको कर्जाको स्थिति के छ ?

### ११.१० श्री नवराज देवकोटा

- बैंकको प्रगति सराहनीय छ ।
- संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गर्दा शहरका सुविधामुखी क्षेत्रमा मात्र अनुदान नदिई विकट ग्रामीण क्षेत्र तर्फ पनि अनुदान दिने व्यवस्था होस् ।
- मोफसलका शेयरधनीहरूलाई पनि छिट्टै लाभांश वितरण गर्ने व्यवस्था होस् ।

### ११.११ श्री बिमल कुमार जोशी

- राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था छ कि छैन ?

### ११.१२ श्री लवराज जोशी

- नबिल बैंकले देखाएको प्रगतिले नेपालीहरू पनि बैंक चलाउन सक्षम छन्, विदेशीको मुख ताक्नु पर्दैन भन्ने पुष्टि भएको छ ।
- विभिन्न बैंक खुल्ने क्रममा रहेकोले सञ्चालक समितिले दक्ष कर्मचारीहरू retain गर्ने तर्फ केन्द्रित हुनु आवश्यक छ ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वरिष्ठ नागरिकहरूलाई "नबिल सम्मान" प्रदान गर्ने परिपाटी बसालियोस् ।

## १२. सभामा शेयरधनीहरूले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरूको जवाफ

शेयरधनीहरूले सभामा व्यक्त गर्नुभएका सराहनाप्रति आभार व्यक्त गर्दै प्रकट भएको जिज्ञांशा तथा प्रश्नहरूको सभापतिज्यूले सामूहिक रूपमा देहाय बमोजिम उत्तर दिनुभयो :

- प्रस्तावित लाभांश यस सभाबाट स्वीकृत भएमा दशैं अगावै वितरण गर्ने व्यवस्था मिलाएका छौं ।
- सञ्चालक समितिको प्रतिवेदन कानून अनुरुप सम्भव भएसम्म प्रासंगिक एवं सूचनामूलक बनाउने प्रयत्न जारी छ ।
- गत वर्षको दांजोमा चालु आ.व. मा सञ्चालन मुनाफा अझ बढी आर्जन गर्ने लक्ष्य लिएका छौं । चालु वर्षको दुई महिनामा प्राप्त उपलब्धिलाई हेर्दा लक्ष्य अनुरूप नै कार्ययोजना अगाडी बढिरहेको छ । तथापि देशभित्रको राजनैतिक अन्यौल, बढ्दो

प्रतिस्पर्धा आदिको कारणले गर्दा चालु आ.व. समाप्त हुन ९ महिना भन्दा बढी अवधि बांकी रहेकोले वर्षान्तको परिणाम आंकलन गर्न भने गा-हो छ ।

- बैंकिंग जालसाजी बारे उच्च व्यवस्थापन सजग छ र जालसाजी हुन नदिन समयानुकुल आवश्यक प्रक्रिया एवं प्रविधि अवलम्बन गरिएको छ ।
- पुरस्कार खर्च शिर्षक अन्तर्गत देखाईएको रकम निक्षेप संकलनसंग सम्बन्धित छ र निक्षेपकर्ता मध्ये चिठ्ठा प्रणालीबाट छनोट भएका व्यक्तिहरूलाई वितरण गरिएको पुरस्कार सवारी साधन लगायतको खर्च समाविष्ट छ ।
- सामान्यत: व्यावसायिक/स्वतन्त्र सञ्चालकले निर्वाह गर्ने जिम्मेवारी कानूनत: अन्य सञ्चालक सरह नै हुन्छ भने अन्तर्राष्ट्रिय व्यवहार एवं परिपाटीलाई दृष्टिगत गर्दा व्यावसायिक/स्वतन्त्र सञ्चालकले उच्च पदस्थ अनुपालन अधिकारी (Compliance Official) को भूमिका निर्वाह गर्नु पर्दछ ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकबाट सहयोग प्राप्त गरेका निकायहरू मेरी वार्ड स्कुल, तिलगंगा आंखा अस्पताल र नबिल थ्रीस्टार क्लबले देखाएका नतिजाबाट यी निकायहरूको कार्य सम्पादन हालसम्म सन्तोषजनक पाएका छौं ।
- बैंकको शेयरको बजार मूल्य खासगरी बैंकको कार्य सम्पादन, भावी योजना र राजनैतिक स्थिरता एवं माग-आपूर्ति जस्ता कारक तत्वहरूमा निर्भर गर्दछ । बैंकको कार्य सम्पादनको आधारमा बजार मूल्य -हासोन्मुख नहुने कुरामा विश्वस्त छौं ।
- साविकमा किताबी अपलेखन भएको खाताबाट समीक्षा वर्षमा असुली भएको रकमबारे वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणमा उल्लेख भएको छ र किताबी अपलेखन भएका खाता सम्बन्धी कार्यको निमित्त छुट्टै ईकाई खडा गरी केन्द्रित रूपमा कार्य भईरहेको छ ।
- सञ्चालकको नियुक्ति कम्पनी ऐन, बैंकको नियमावली अनुरूप विभिन्न वर्गका शेयरधनीहरूले ग्रहण गरेको शेयरको अनुपातमा मनोनयन वा निर्वाचनको माध्यमबाट नियुक्त हुने हुंदा सञ्चालक समितिले कुनै लिंग विशेषको आधारमा सञ्चालक नियुक्त गर्न नसक्ने व्यहोरा अनुरोध छ ।
- व्यावसायिक दृष्टिकोणले सम्भव भएसम्म बैंकको नीति अनुसार खर्च नियन्त्रण गर्दै आएका छौं र भविष्यमा पनि नियन्त्रण गर्दै जानेछौं ।
- प्रविधि तथा दक्ष जनशक्ति विकास गर्न बैंकको सञ्चालक समिति तथा उच्च व्यवस्थापन प्रतिवद्ध छ ।
- शेयरधनीहरूले प्रतिवेदनमा औंल्याउनु भएको त्रुटि आगामी दिनमा सकेसम्म सुधार गर्नेछौं ।
- बैंकमा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई प्रचलित बजार दर अनुसार वहन गरेको जिम्मेवारी अनुरूप पारितोषिक प्रदान गरिएको छ, बैंकको नीति नियम अनुसार कोही पनि शोषित छैनन् ।
- एकैपटक माथिल्लो दरको बोनश शेयर जारी गर्दा धितोपत्र बजारमा बैंकको शेयरको माग र आपूर्तिमा असन्तुलन आई शेयर बजार मूल्यमा नकारात्मक प्रभाव पर्न गई अन्तत: शेयरधनीहरूलाई नै मर्का पर्न जाने भएकोले हाललाई ४०% बोनश शेयर प्रस्ताव गरिएको हो ।
- सञ्चालकहरूको व्यक्तिगत योग्यता, पूर्व अनुभव आदि लाई दृष्टिगत गरी विभिन्न समितिमा मनोनयन गरिएको हो, न कि सञ्चालकले प्रतिनिधित्व गर्ने शेयरधनीको समुहको आधारमा ।

- नेपाल राष्ट्र बैंकले तोकिदिएको लक्ष्य अनुरूप बैंकले लघु वित्त कार्यक्रममा लगानी गर्दै आएको छ ।
- भुक्तानी दिन बांकी पुराना लाभांशको सम्बन्धमा शेयरधनीहरूलाई सार्वजनिक सूचना मार्फत जानकारी गराउनुका साथै तदारूकताका साथ भुक्तानी दिने काम भईरहेको छ ।
- कर्मचारी नियमावलीमा भएको व्यवस्था अनुसार कार्य सम्पादन मूल्यांकनको आधारमा दक्ष कर्मचारीलाई पुरस्कृत गर्ने गरिएको छ ।
- हालसालै महालक्ष्मी सुगर मील्सबाट रू. ५० लाख प्राप्त भईसकेको छ । साथै मध्य-फागुन २०६४ भित्रमा रू. ३३ लाख प्राप्त हुनेछ भने बांकी रकमको निमित्त कर्जा पुनर्तालिकीकरण गरिएको छ ।
- समीक्षा वर्षको अन्तमा खरिद मूल्य भन्दा बजार मूल्य घट्न गएको कारणबाट बण्ड लगानीको नोक्सानी व्यवस्थामा वृद्धि सम्म भएको हो र हालका दिनमा आएर सम्बन्धित बण्डको बजार मूल्य विस्तारै वृद्धि हुन थालेकाले बैंकले नोक्सानी व्यहोर्न नपर्ने कुरामा आशावादी छौं ।
- श्रोत र साधनले भ्याएसम्म संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गर्न बैंक कटिवद्ध छ ।
- बैंकले लिने/दिने ब्याजको दर नेपाली मुद्रा बजारमा हुने माग र आपूर्तिको आधारमा निर्धारण हुने हुंदा आर्थिक सिद्धान्त अनुसार कुनै खास वर्ग विशेषको निमित्त छुट्टै ब्याजदर लागु गर्नु सैद्धान्तिक विचलन हुन सक्छ र यस्तो व्यवस्था गरिएमा अन्तत: साना शेयरधनीहरूलाई नै मर्का पर्न सक्छ ।
- सञ्चालक समितिका सबै सदस्यहरूले आ-आफ्नो योग्यता, क्षमताले भ्याएसम्म सशक्त भूमिका निर्वाह गर्दै आएकाले नै बैंक आजको स्थितिमा आईपुगेको हो । सञ्चालकहरूको योगदान, ईमान्दारी, दक्षता आदिमा आश्वस्त रहन अनुरोध गर्दछु ।
- प्रतिस्थापन भईसकेको पुरानो बैंक लोगो पुन: प्रचलनमा ल्याउंदा असामञ्जस्यता पैदा हुने भएकोले व्यावहारिक दृष्टिकोणले सम्भव भएन ।
- बैंकको वार्षिक प्रतिवेदन (अंग्रेजी भाषाको समेत) बैंकको वेभसाईट www.nabilbank.com मा राखिएको छ । ईच्छुक कसैले पनि नि:शुल्क अध्ययन गर्न प्रतिलिपि उतार्न सक्ने छन् ।
- नेपाल राष्ट्र बैंकको निर्देशन बैंकको नीति एवं आयोजनाको सम्भाव्यता हेरी कर्जा लगानी गर्दै आएका छौं । कर्जा लगानी जस्तो कुरामा भावनात्मक निर्णय गर्नु हुन्न भन्ने बैंकको मान्यता छ ।

तत्पश्चात् सभापतिज्यूले Banking Fraud को सम्बन्धमा थप प्रकाश पार्न लेखा समितिका संयोजक सञ्चालक श्री सुप्रिय गुप्तालाई अनुरोध गर्नु भएकोमा श्री गुप्ताले देहायको व्यहोरा अनुरोध गर्नुभयो :

"Distinguished shareholders and ladies and gentlemen,

In all banks the real safeguard against fraud lies in the quality and the effectiveness of its system, that is to say, the efficiency of the Audit System, the soundness of the I.T. System and the quality and commitment of the operating staff members and monitoring being done by the top Management and the Board on a continuous basis. These are the systems in actual. Individual fraud happens due to individual failure, human error,

negligence. But I am glad to tell you that in your Bank so far no serious fraud, with or without intent, has come to our notice at least till recent past.

Now let me explain you the system we have a little in detail, in the Audit System, we have both Internal and Statutory Audit. In Internal Audit, Audit Committee is at the apex. Audit Committee comprises of a few members of the Board of Directors who have a specific responsibility for supervising and monitoring the effectiveness of the Audit system. At present, we have an well equipped Internal Audit Dept. in the Bank also. So, Audit Committee meets periodically and the Internal Audit Dept conducts the audit of the operating units in accordance with the Bank's instructions and a few important administrative units every year in accordance with an annual plan. Audit Committee regularly monitors it, sees that all the reports are received, deficiencies pointed in the Audit Report are properly addressed, the Management is given necessary directions and no report is closed without addressing all the issues raised in the audit report.

I am glad to inform you as I have already told that no serious fraud has come to our notice so far, of course we have occasional instances of some transactions involving minor monetary losses, but these are mostly caused by human errors and negligence for which appropriate action is always taken.

Then coming to I.T. system, we have one of the finest systems available in this sub-continent and the system has been functioning well and system also so far has not thrown up instances of any serious fraud, but we are in the process of conducting a comprehensive I.T. Audit very soon, and if any deficiency is found action needs to be taken to improve the system further, this will be taken up in an appropriate time.

Thirdly, about the quality of monitoring and checking at the Management level or so we have quite good and experienced operating staff and our members of top Management in the Bank, as you have seen their performance, they all know their job well. So, they are also committed, they also see things being done, everybody wants to see the Bank as "The Bank of $1^{st}$ Choice". No efforts are spared to see that the Bank is, as far as possible, free of any fraud and any financial loss due to fraud. Well, so far we have not had any instances of serious fraud, in recent past, at least for the last 4/5 years – since I came in the Bank. But I can only tell you that to safeguard against fraud lies on the awareness, alertness of the staff and the Board, that is not lacking and we are very serious about it, we can assure you that we have been and will do our best to see that the Bank system remains fully upto the mark and the Bank does not lose any money through any fraud because of any shortcoming on our part. Thank you !!!"

## १३. सभाको निर्णय

### (क) सामान्य प्रस्ताव तर्फ

**१. निर्धारित विषय सूची (क) १. अनुरूप सञ्चालक समितिको प्रतिवेदन अनुमोदन गर्ने**

सभामा प्रस्तुत आ.व. २०६३।६४ को सञ्चालक समितिको प्रतिवेदन सभापतिज्यूले अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन ग-यो ।

२.	**निर्धारित विषय सूची (क) २. अनुरूप वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण पारित गर्ने**

लेखा परिक्षकको प्रतिवेदन सहितको २०६४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६३।६४ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरू सर्वसम्मतिबाट पारित ग-यो ।

३.	**निर्धारित विषय सूची (क) ३. अनुरूप लाभांश स्विकृत गर्ने**

आ.व. २०६३।६४ को मुनाफा मध्ये सञ्चालक समितिले प्रस्ताव गरे अनुसार प्रति शेयर रू. १००।- नगद लाभांश वितरण गर्ने स्वीकृतिको निमित्त सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट प्रस्ताव स्वीकृत ग-यो ।

४.	**निर्धारित विषय सूची (क) ४. अनुरूप लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०६४।६५ को लागि लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले कुल रू. ८,००,०००।- पारिश्रमिक दिने गरी साविककै लेखा परीक्षक श्री टि.आर. उपाध्या एण्ड कम्पनीलाई नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(ख)	**विशेष प्रस्ताव तर्फ**

१.	**बैंकको अधिकृत पूंजी वृद्धि गर्ने**

बैंकको वर्तमान अधिकृत पूंजी रू. ५० करोडबाट वृद्धि गरी रू. १,६०,००,००,०००।- (रू. १ अर्ब ६० करोड) पु-याउन सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट प्रस्ताव स्वीकृत ग-यो ।

२.	**बोनश शेयर जारी गर्न बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि गर्ने**

२०६४ आषाढ मसान्तमा समाप्त वर्षको मुनाफा तथा पूंजी समायोजन कोषको आंशिक रकम समेत पूंजीकृत गरी बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि गरी रू. ६८,८३,१६,१६०।- पु-याउन ५:२ (अर्थात् प्रत्येक ५ शेयर बराबर २ शेयर वा प्रत्येक शेयरको ४०%) को अनुपातमा बोनश शेयर जारी गर्न तथा उक्त अनुपातमा बोनश शेयर जारी गर्दा कुनै भिन्न अंक (fraction) आएमा शेयरधनी समूहको वर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न (fraction) अंकको बोनश शेयरलाई पूर्ण (whole) अंकमा परिणत गरी तदनुकुल जारी तथा चुक्ता पूंजीमा समायोजन गर्न सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट प्रस्ताव स्वीकृत ग-यो ।

## ३.    बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने

श्री नेपाल राष्ट्र बैंकले सुझाव गरे अनुसार बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन हुन सभापतिज्यूले सभा समक्ष विशेष प्रस्ताव पेश गर्नु भएकोमा सभाले देहाय बमोजिम सर्वसम्मतिबाट विशेष प्रस्ताव पारित ग-यो :

<u>प्रबन्ध पत्र तर्फ</u>

◎ दफा ५ मा उल्लेखित बैंकको पूंजी संरचनालाई देहाय बमोजिम परिमार्जन गर्ने :

(१) बैंकको अधिकृत पूंजी रु. १,६०,००,००,०००।– (अक्षेरूपी रू. एक अर्ब साठी करोड मात्र) हुनेछ । सो पूंजीलाई रु. १००।– का दरका १,६०,००,००० (एक करोड साठी लाख) थान साधारण शेयरमा विभाजित गरिएको छ ।

(२) बैंकको जारी पूंजी रु. ६८,८३,१६,१६०।– (अक्षेरूपी रू. अडसठ्ठी करोड त्रियासी लाख सो-ह हजार एक सय साठी मात्र) हुनेछ । तर माथि निर्णय नं. (ख)२. बमोजिम आवश्यक समायोजन गर्न सकिनेछ ।

(३) बैंकको चुक्ता पूंजी रु. ६८,८३,१६,१६०।– (अक्षेरूपी रू. अडसठ्ठी करोड त्रियासी लाख सो-ह हजार एक सय साठी मात्र) हुनेछ । तर माथि निर्णय नं. (ख)२. बमोजिम आवश्यक समायोजन गर्न सकिनेछ ।

◎ दफा १२ को अन्त्यमा रहेको ""ग" समूहका शेयरधनीहरू : ९०,००० (नब्बे हजार)" भन्ने वाक्यांशलाई हटाउने ।

<u>नियमावली तर्फ</u>

◎ नियम ६ को उपनियम २५ को साविकको व्यवस्थालाई खारेज गरी "सभाका लागि प्रतिनिधिको नियुक्ति सम्बन्धी पत्रको व्यहोरा तोकिए अनुसार हुनेछ ।" भन्ने वाक्यांश राख्ने ।

◎ नियम १४ को उपनियम २ को साविकको व्यवस्थालाई परिवर्तन गरी देहाय अनुसार गर्ने - "एकभन्दा बढी व्यक्तिहरूले साझा शेयर लिएको भएमा त्यस्तो व्यक्तिले सभामा भाग लिने बारेमा कम्पनी ऐन, २०६३ को दफा ७१ को उपदफा (४) वा प्रचलित कम्पनी कानूनमा उल्लेखित व्यवस्था लागु हुनेछ ।"

◎ नियम २१ को उपनियम १ को साविकको व्यवस्थालाई परिवर्तन गरी देहाय अनुसार गर्ने - "सञ्चालक समितिले बैंकको सबै कारोवारको व्यवस्थापन गर्नेछ र बैंकको प्रबन्ध पत्र वा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून अन्तर्गत बैंकले पाएको सबै अधिकारको प्रयोग गर्नेछ र यस लिखतमा वा प्रचलित कानूनमा उल्लेख नभएका कुराहरूको हकमा समेत प्रचलित कानून वा यी लिखतको वा अन्य कुनै नियम, निर्देशनको विपरित नहुने गरी आफ्नो कार्य सम्पन्न गर्नेछ ।"

◎ नियम २१ को उपनियम २ को पहिलो हरफलाई परिवर्तन गरी देहाय अनुसार गर्ने - "यस नियमावलीको अन्य नियममा उल्लेख भएका अधिकार सिमित वा नियन्त्रित नहुने गरी सञ्चालक समितिको देहाय बमोजिम अधिकार हुनेछ :......"

◎ नियम २३ मा उल्लेखित बैंकको पूंजी संरचनालाई देहाय बमोजिम परिमार्जन गर्ने :

**"विभिन्न वर्गका शेयर जारी गर्ने भए सो को विवरण र शेयरधनीको हक तथा विशेष सुविधाको विवरण :**

**<u>बैंकको अधिकृत पूंजीको अंक र विभिन्न प्रकारको शेयर संख्या</u>** : बैंकको अधिकृत पूंजीको अंक, पूंजी संरचना र विभिन्न प्रकारको शेयर संख्या देहाय बमोजिम हुनेछ :

(१) बैंकको अधिकृत पूंजी रु. १,६०,००,००,०००।- (अक्षेरूपी रू. एक अर्ब साठी करोड मात्र) हुनेछ । सो पूंजीलाई रु. १००।- का दरका १,६०,००,००० (एक करोड साठी लाख) थान साधारण शेयरमा विभाजित गरिएको छ ।

(२) बैंकको जारी पूंजी रु. ६८,८३,१६,१६०।- (अक्षेरूपी रू. अडसठ्ठी करोड त्रियासी लाख सो-ह हजार एक सय साठी मात्र) हुनेछ । तर माथि निर्णय नं. (ख)२. बमोजिम आवश्यक समायोजन गर्न सकिनेछ ।

(३) बैंकको चुक्ता पूंजी रु. ६८,८३,१६,१६०।- (अक्षेरूपी रू. अडसठ्ठी करोड त्रियासी लाख सो-ह हजार एक सय साठी मात्र) हुनेछ । तर माथि निर्णय नं. (ख)२. बमोजिम आवश्यक समायोजन गर्न सकिनेछ ।"

◎ नियम ४१ को उपनियम (२८) खारेज गरी नियम २क. मा प्रतिस्थापन गर्ने ।

◎ नियम ४१ को उपनियम (२९) को खण्ड (ग) लाई देहाय बमोजिम परिमार्जन गर्ने :

"खण्ड (क) अन्तर्गत खारेज गरिएको नियमावली बमोजिम बैंक संस्थापना हुंदाका बखत कायम रहेका संस्थापकहरू र निजहरूले तत्काल लिन कबुल गरेको शेयर संख्या, सहीछाप, साक्षीहरू तथा निजहरूको सहीछाप, सो नियमावली मस्यौदा गर्ने कानून व्यवसायी/चार्टर्ड एकाउण्टेण्टले प्रमाणित गरेको कुरा तथा निजको सहिछाप सम्बन्धी सम्पूर्ण विवरणहरू नियम ४५. मा उल्लेख भए बमोजिम कायम रहेको मानिनेछ ।"

◎ नियम ४५ को अन्त्यमा रहेको ""ग" समूहका शेयरधनीहरू : ९०,००० (नब्बे हजार)" भन्ने वाक्यांशलाई हटाउने ।

**(ग) विविध प्रस्ताव तर्फ**

विविध प्रस्तावमा निर्धारित छलफलको विषय सूची नं. २ (ग) विविधमा सभापतिज्यूको अनुमतिले विविध विषयमा छलफल गर्ने र प्रस्ताव पारित गर्नुपर्ने अन्य कुनै विषय नभएको ।

## १४.	धन्यवाद ज्ञापन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभापति महोदयले शेयरधनी महानुभावहरूबाट छलफलमा सकारात्मक तथा सक्रिय रूपले सहभागी हुनुका साथै उहांहरूबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा २३औं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरू तथा सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

## १५.	सभा विसर्जन

तत्पश्चात् सभापतिज्यूले सभा सञ्चालन गर्न सभामा उपस्थित शेयरधनीहरूबाट प्राप्त सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुका साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै सांझ ५:०० बजे सभा विसर्जन गर्नुभयो ।



| | |
|---|---|
| ------------------ | ---------------------------- |
| कम्पनी सचिव | सभापति |